## सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र
**{ARMED POLICE FORCE WELFARE SERVICE CENTER}**

| APF (HQ) SMALL | Serial No:- ३०९२ |
| --- | --- |
| FROM:- सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र हलचोक । | DTO:- ९६ ९२२४ |
| TO:- सशस्त्र प्रहरी बलका इकाईहरु सवै (वेस क्याम्प सहित) । | Group |
| INFO :- सशस्त्र प्रहरी महानिरीक्षक ज्यूको सचिवालय, विभागहरु, स.प्र.प्रतिष्ठान, निर्देशनालयहरु, महाशाखाहरु, शाखाहरु, उपशाखाहरु सवै, नेपाल ए.पि.एफ अस्पताल, नेपाल ए.पि.एफ. स्कूल । | IN/OUT:- |

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुको निर्जीवन दुर्घटना विमा गर्ने कार्यलाई निरन्तरता दिदै आईरहेको ब्यहोरा अवगत नै छ । बि.सं.२०६० साल कार्तिक ४ गते देखि सामूहिक दुर्घटना विमा गरीदैआएको थियो । यस सामुहिक दुर्घटना विमालाई निरन्तरता दिने क्रममा गत बर्ष भन्दा पहिलेका बर्षहरुमा सशस्त्र प्रहरी कर्मचारीहरुको तलव भत्ताबाट रकम कट्टा गरी विमा प्रिमियम शुल्क बिमा कम्पनीहरुलाई भूक्तानी दिइन्थ्यो भने गत बर्षबाट कल्याणकारी सेवा केन्द्रमा रहेको मौजदात रकमबाट प्रतिब्यक्ति रु.४००।- (अक्षरुपी चार सय मात्र) का दरले प्रिमियम शुल्क भुक्तानी गरी रु.२ लाख १५ हजारको बिमा गरिएको थियो ।

यस बर्ष पनि सशस्त्र प्रहरी कर्मचारीहरुको तलव भत्ताबाट कट्टी नगरी सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको संचित रकमबाटै सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुको समान रुपमा सेवा सुविधा पाउने गरी बिमा नविकरण गरिएको छ । सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको संचालन सम्वन्धी कार्यविधि २०६६ को दफा १० (२) बमोजिम १ (एक) बर्षे सामूहिक दुर्घटना बिमा श्री एभरेष्ट इन्स्यूरेन्स कम्पनी हात्तिसार, काठमाण्डौं र श्री शिखर इन्स्यूरेन्स कम्पनी थापाथली, काठमाण्डौंसँग संयुक्त रुपमा नविकरण गरिएको हुँदा दशौं सशस्त्र प्रहरी दिवश २०६७ को पूनित अवसरमा सम्वन्धित बिमा कम्पनीहरुलाई बिमा प्रिमियम शुल्क बापतको चेक हस्तान्तरण गर्ने ब्यहोरा सहर्ष जानकारीको लागि अनुरोध ।

सशस्त्र प्रहरी बलमा आवद्ध सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुलाई समान रुपले सेवा पुर्‍याउने उद्देश्यले मिति २०६७ साल कार्तिक १ गते देखि लागू हुने गरी नविकरण गरिएको बिमा कार्यक्रमको लागि यस बर्ष सामूहिक निर्जिवन दुर्घटना बिमाको प्रिमियम शुल्क प्रतिब्यक्ति रु.४९०।- (अक्षरुपी चार सय नब्बे मात्र) का दरले भुक्तानी गरी बिमा नविकरण गरिएको छ । सशस्त्र प्रहरी कर्मचारीहरु दुर्घटनाबाट पूर्ण रुपमा अशक्त भएमा वा मृत्यू भएमा ३ लाख बिमा कम्पनीबाट क्षतिपूर्ति तथा जुनसुकै तरिकाबाट दुर्घटनामा परी घाईते भएमा यथोचित उपचार खर्च उपलब्ध गराउन ब्यवस्था मिलाईएको छ ।

बिमा दावी सम्वन्धी सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले विभिन्न मिति र समयमा परिपत्रहरु गर्दै आईरहेको छ । कुनै पनि सशस्त्र प्रहरी कर्मचारीहरु घाईते तथा मृत्यू भएमा बिमा दावीको

लागि निम्न बुँदाहरुमा उल्लेख भए अनुसारका कागजातहरु आवश्यक पर्ने व्यहोरा जानकारीको लागि अनुरोध (০)

निम्न :-

**क. बिमा दावी गर्न सकिने अवस्थाहरु :**

१. सरकारी कामको शिलशिलामा कुनै पनि प्रकारको दुर्घटनामा पर्न गएमा ।

२. विदा, आउट वा व्यक्तिगत कामको शिलशिलामा दुर्घटनामा पर्न गएमा ।

३. बाढी, पहिरो, आगजानी, सवारी दुर्घटना जस्ता भवितव्यबाट घटना घटेमा ।

४. सर्पको टोकाई, कुकरको टोकाई वा अन्य हिंसक जनवारहरुको आक्रमणबाट घाईते भएमा ।

५. कुनै पनि कर्मचारीहरु डिउटीको अवस्थामा रहँदा अचानक हातहतियार तथा विष्फोटक पदार्थहरु पडकिन गई दुर्घटनामा परेमा ।

६. कुनै पनि सशस्त्र प्रहरी कर्मचारीहरु जुनसुकै तालीमको अवस्थामा दुर्घटनामा परी घाईते भएमा ।

**ख. बिमा दावी गर्न नसकिने अवस्थाहरु :**

१. कुनै पनि किसिमबाट आत्मा हत्या गरेमा ।

२. मानसिक सन्तुलन बिग्रिएको अवस्थामा ।

३. बिना दुर्घटना आफै बिरामी पर्न गएमा ।

४. कुनै पनि किसिमको दिर्घ रोग भएमा ।

५. हृदयघात र क्षयरोग जस्ता रोगहरुबाट ग्रसित भएको अवस्थामा ।

६. बिष, धुम्रपान तथा मध्यपान जस्ता हानिकार पदार्थ सेवन गरेको कारणबाट मृत्यु भएमा ।

**ग. बिमा दावी गर्ने कार्यविधि :**

**१. मृत्यु हुने सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा :**

(क) घटना भएको जानकारी १५ दिन भित्र अनिवार्य यस केन्द्रमा गराई सक्नु पर्ने ।

(ख) घटनास्थल मुचुल्का प्रष्ट बुझिने हुनु पर्ने ।

(ग) शव परीक्षण प्रतिवेदन प्रष्ट बुझिने हुनु पर्ने ।

(घ) नाता प्रमाणित प्रमाण पत्रको कपी प्रष्ट बुझिने हुनु पर्ने ।

(ङ) मृतकको नागरिकता प्रमाण पत्रको कपी हुनु पर्ने ।

(च) मृत्यु दर्ता प्रमाण पत्रको कपी हुनु पर्ने ।

(छ) मृतकको नजिकको हकदारको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि हुनु पर्ने ।

(ज) मृत्यु खाली गरी सशस्त्र प्रहरी नियमावली अनुसार सुविधा पाउने सम्वन्धी जिल्ला प्रशासन कार्यलयबाट बोर्ड गठन भई गरेको निर्णय हुनु पर्ने ।

**२. घाईते हुने सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा :**

(क) घटना भएको जानकारी १५ दिन भित्र अनिवार्य यस केन्द्रमा गराई सक्नु पर्ने ।

(ख) ठूलो प्रकारको दुर्घटनाको पुलिस रिपोर्ट हुनु पर्ने ।

(ग) घाईते व्यक्तिहरुको मासिक तलब भत्ता खुलेको पत्र हुनु पर्ने ।

(घ) घाईते व्यक्तिलाई उपचार गराउने चिकित्सकको प्रेष्किप्सन हुनु पर्ने ।

(ङ) घाईते व्यक्तिहरु दुर्घटनामा परी विदामा बसेको समयावधि र घाईते व्यक्तिको विदा चिकित्सकको प्रेष्किप्सनमा उल्लेख भएको रेष्ट अवधि अनुसार हुनु पर्ने ।

(च) उपचार समाप्त भएपछि उल्लेखित सम्पूर्ण कागजात सहितको फायल तयारी गरी कल्याणकारी सेवा केन्द्रमा पठाउनु पर्ने ।

**(घ) बिमा दावी प्रक्रियामा निम्न कुराहरुलाई बिशेष ध्यान दिनु पर्ने ।**

(क) बिमा सम्बन्धी सुरु जानकारी गराउँदाकै बखतमा कतिपय कार्यालयहरुले बिमा रकम उपलब्ध गराई दिनु हुन भनि लेखापढी गर्ने गरेको हुँदा घटना भएको १५ दिन भित्र घटनाको जानकारी मात्र गराउने र उपचार समाप्त पश्चात मात्र माथि उल्लेखित सम्पूर्ण कागजातहरु समावेश गरी यस केन्द्रमा पठाउँदा बिमा रकम उपलब्ध गराउन हुन भनि लेखापढी गर्ने ।

(ख) पटक पटक बिमा सम्बन्धि परिपत्र हुँदा समेत कतिपय सशस्त्र प्रहरी कर्मचारीहरुको समयमा दुर्घटना सम्बन्धी यस केन्द्रमा जानकारी नआएको कारणले बिमा दावी गर्नबाट बन्चित हुनु परेकोले अवोप्रान्त सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरु बिमाबाट लाभांवित हुन सकुन भनि सम्बन्धित कार्यलय प्रमुख, कार्य शाखा प्रमुख र लेखा शाखा प्रमुखले बिशेष चासो लिई यस केन्द्रमा जानकारी गराउने व्यवस्था मिलाउन हुनका साथै कुनै पनि सशस्त्र प्रहरी कर्मचारीको बिमा दावी गर्न छुट हुन गएमा निजले पाउँने बिमा बापतको रकम उल्लेखित व्यक्तिहरुबाट असुलउपर गरी निजलाई उपलब्ध गराउने ।

(ग) कुनै पनि दुर्घटनामा परी घाईते भएका सशस्त्र प्रहरी कर्मचारीहरुको उपचारको फाईल पठाउँदा बिदा लिएको रेकर्डले निजले पाउने बिमांक रकम समेत फरक पर्न जाने हुँदा सके सम्म चिकित्सकको प्रेष्किप्सनमा उल्लेख भएको रेष्ट अवधि भरीको विदाको रकेर्ड बनाई पठाएमा बढी रकम प्राप्त गर्न सक्ने भएकोले सकेसम्म बढी अवधिको विदा बसेको रेकर्ड बनाई पठाउने ।

(घ) दुर्घटनामा परी घाईते भएका सशस्त्र प्रहरी कर्मचारीको शारीरिक अवस्था र चिकित्सकको प्रेष्क्रिप्सनमा फरक कुरा उल्लेख हुने परेकोले वास्तविक अवस्था अनुसारको बिमा रकम पाउँन नसकेकोले घाईतेको शारीरिक अवस्था र चिकित्सकको प्रेष्क्रिप्सन मिलेको हुनु पर्ने जस्तै: घाईते कान नसुन्ने तर प्रेष्क्रिप्सनमा उल्लेख नभएको, घाईतेको हात नचल्ने तर प्रेष्क्रिप्सनमा उल्लेख नभएको, आखाँ नदेख्ने तर प्रेष्क्रिप्सनमा उल्लेख नभएको आदि यस्तै प्रकारका घटनाहरु ।

(ङ) घाईते सशस्त्र प्रहरी कर्मचारीहरुको आई.डि.नं., दर्जा, नामथर, दरवन्दी, घटना मिति र घटनाको विवरण लगायतका विवरणहरु खुलाई घटनाको जानकारी गराउनु पर्ने ।

(च) दुर्घटनाको जानकारी गराउँदा नेपाल ए.पि.एफ.अस्पताललाई अनिवार्य रुपमा बोधार्थ दिई जानकारी गराउनु पर्ने ।

(छ) कुनै पनि सशस्त्र प्रहरी कर्मचारीहरुले सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र सम्बन्धी जानकारीको लागि टेलिफो नं.०१-४२७८१२६ मा सम्पर्क गर्न सकिने छ ।

मिति : २०६७०७१७ गते ।

| Degree of Priority<br>Originator's Instruction | Originator's Signature<br>(With Rank) | T.H.I. | | | |
|---|---|---|---|---|---|
| | | | Date & Time | System | Operator |
| | | IN | | | |
| Reg. No. | | OUT | | | |